हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १९, अङ्क : २०, २०७७ फागुन ९ गते आइतवार (21 Feb. 2021), मूल्य रु. २०।-



हिमालका ट्रकको उपमा पाएका खच्चर ग्याँस ढुवानी गर्दै । काइके गाउँपालिकाले आफ्ना सबै नागरिकहरुलाई अनुदानमा ग्याँस वितरण गर्न दुनैदेखि शहरतारासम्म खच्चरबाट ग्याँस र चुलो ढुवानी गर्दै ।

सबै घर परिवारलाई ग्याँस वितरण

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - डोल्पाको सदरमुकामको स्थानीय तह ठुलीभेरी नगरपालिकाको सिमाना जोडिएको छिमेकी स्थानीय तह काइके गाउँप(ालिकाले आफ्ना सबै नागरिकहरुलाई ग्याँस सिलिण्डर र ग्याँस चुलो अनुदानमा वितरण गर्ने भएको छ ।

गाउँपालिकाले आफ्ना सबै नागरिकहरु, एकल महिला, छुट्टै बस्ने वृद्धवृद्धाहरु, सामुदायिक विद्यालयहरु, प्रहरी चौकी, गुम्बा गरेर १ हजार ५० घरधुरीलाई प्रतिघर २ वटा ग्याँस सिलिण्डर र पाइप रेगुलेटर सहित १ सेट ग्याँस चुलो अनुदानमा वितरण गर्ने गरी २ हजार १ सय सिलिण्डर ग्याँस र १ हजार ५० थान ग्याँस चुलो खरिद गरेर ढुवानी भैरहेको काइके गाउँपालिकाले जानकारी दिएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा १ करोड १ लाख २५ हजार बजेट विनियोजन गरेको थियो । ग्याँस मनोकामना

.... .पेज नं. ८ मा

करेन्ट लागेर एक युवकको मृत्यु

मेनुका बुढा

डोल्पा, फाल्गुण - मुड्केचुला गाँउप(ालिक वडा नं ४ का एक युवक ससुराली त्रिपुरासुन्दरी नगरपालिका ५ ल्हाँमा करेन्ट लागेर शुक्रवार मृत्यु भएको छ ।

ससुराली त्रिपुराकोट गएका मुड्केचुला गाउँपालिका ४ इलका २२ का विरेन्द्र बुढा आफै बिजुलीको पोलमा चढेको बेला शुक्रवार करेन्ट लागेर मृत्यु भएकाले उनको पोष्टमार्टम पछि आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायव उपरिक्षक राजु पाण्डेले बताउनु भयो ।

पोष्टमार्टम पछि लाश बुझेर शा(नवार सतगत गरिएको मृतकका बाबु धनबहादुर बुढाले बताउनु भयो । बिजुलीको पोलमा आफै चढेको बत(াइएको छ । करेन्ट लागेर मृत्यु भएको अनुसन्धानबाट खुलेको र अन्य आशंका

.... .पेज नं. ८ मा

लोकतन्त्रमा चुनाव अपरिहार्य : प्रधानमन्त्री

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रमा पटकपटक निर्वाचन हुने बताउनुभएको छ । केही व्यक्तिले चुनाव भए लोकतन्त्र समाप्त हुन्छ भन्दै छन्, उहाँले भन्नुभयो, लोकतन्त्रमा चुनाव अपरिहार्य कुरा हो ।

एकहत्तरौं प्रजातन्त्र दिवसको अवसर मा नेपाल प्रज्ञा-प्रतिष्ठानले आज कम(लादीमा आयोजना गरेको साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा उहाँले जनतामाझ जान कोही डराउन नहुने उल्लेख गर्नुभयो ।

निर्वाचन हुन नदिनका लागि विभिन्न षड्यन्त्रहरु भइरहेकोले त्यसका लागि नेपाली जनता सचेत हुनुपर्ने प्रधानमन्त्री ओलीले उल्लेख गर्नुभयो । उहाँले जनताको साथ लिएर सरकार अघि बढिरहेको बताउनुभयो । उहाँले निर्वाचनको तयारी तीव्र गतिमा गर्न निर्वाचन आयोगका पदाधिकारीलाई निर्देशन दिनुभयो । जनतालाई आभास हुने गरी निर्वाचनको तयारी गर्नुपर्छ, प्रधानमन्त्री ओलीले भन्नुभयो ।

निर्वाचन हुन्छ कि हुँदैन भन्नेबारे विभिन्न भ्रम फैलाउने गरिएको प्रसङ्गमा प्रधानमन्त्री ओलीले जनताल(াई ढुक्कका साथ आफ्नो मतदान गर्न आग्रह गर्नुभयो । लोकतन्त्र सुदृढ गर्न निर्वाचन आवश्यक भएको उहाँको भनाइ थियो । इतिहासमा पटकपटक

.... .पेज नं. ८ मा

दोस्रो चरणको खोप अभियान जारी

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - कोरोना महमारको संक्रमणलाई रोकथाम गर्नका लागि नेपाल सरकारले भारत सरकारको सहयोगमा ल्याएको कोभिड १९ विरुद्धको खोप लगाउने अभियान संचालन भैरहेको छ ।

दोस्रो चरणको खोप अभियानको आठौं दिन शनिवार सम्म जनप्रतिनिधिहरु, सरकारी कर्मचारीहरु , बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरु, पत्रकारहरु र पहिलो चरणमा छुटेका स्वास्थ्य कर्मीहरु महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई गरी ६ सय २८ जनालाई खोप लगाइएको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जानकारी दिएको छ ।

जिल्ला अस्पताल डोल्पा, मुड्केचुला गाउपालिका इल स्वास्थ्य चौकि ,जगुदुल्ला कोभिट अस्थायी अस्पताल ,मा शनिवार मात्र महिला, पुरुष गरेर

.... .पेज नं. ८ मा

निर्वाचन आचारसंहितामा छलफल

सुस्केरा समाचारदाता

डोल्पा, फाल्गुण - पाँचौ निर्वाचन दिवस २०७७ का अवसरमा निकट भविश्यमा हुने गरी तोकिएको समयमा निर्वाचन गराउनका लागि तयार पारिएको निर्वाचन आचरसंहिताको कार्यान्वायनमा सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेकपा(प्रचण्ड-माधव) समूहका मालबहादुर रोकाया, नेकपा(ओली) समूहका लंकबहादुर रोकाया, नेपाली काँग्रेसका सभापति अंगदकुमार बुढा, त्रिपुरासुनदरी नगरपालिकाकी उपप्रमुख चन्द्रकुमारी बुढा, ठुलीभेरी नगरपालिका ३ का वडा अध्यक्ष अर्णबहादुर न्यौपानेले आफ्ना विचारहरु राख्नु भएको थियो ।

निर्वाचन आचरसंहिता कार्यान्वयनका विषयक अन्तरक्रिय कार्याक्रम्मा जिल्लाका विभिन्न राजनितिकदल र सरोकारवालाहरुले विभिन्न सवालहरु राखेका थिए । कार्यक्रमको अध्यक्ष प्रमुख जिल्ला अधिकारी माधव प्रसाद ढकाल, प्रमुख अथिति सभासद दुधकुमारि

.... .पेज नं. ८ मा

शिक्षक बढुवा विज्ञापनको नतिजा २ वर्षसम्म पनि आएन

सुस्केरा समाचारदाता

डोल्पा, फाल्गुण - शिक्षक सेवा आयोगले निकट भविश्यमा ठुलो संख्यामा आन्तरिक बढुवा र खुला प्रतियोगित(ात्मक विज्ञापन खोल्ने अन्तिम तयारी हुन्जेलसम्म २ वर्ष अघि खोलिएको प्राथमिक तह द्वितीय तहमा बढुवाको विज्ञापनको फाइल बढुवा नतिजा अझै आएको छैन ।

शिक्षकहरुको आन्तरिक बढुवा प्रक्रिया अनुसार तृतीय श्रेणीबाट आन्तरिक फाइल बढुवा र आन्तरिक प्रतियोगि(ताबाट बढुवा हुने गरेको छ । त्यस बमोजिम शिक्षक सेवा आयोगले २०७५ सालमा आन्तकरिक बढुवा विज्ञापन गरेको थियो । उक्त विज्ञाप(नबाट खोलिएका सबै तह र श्रेणीका विज्ञापनको नतिजा आई नियुक्ति भैसकेका छन् ।

तर प्राथमिक तहको द्वितीय श्रेणीमा बढुवाका लागि डोल्पा जिल्ला भित्रका लागि ८ सिट आन्तरिक फाइल बढुवाको विज्ञापन भएको थियो । उक्त विज्ञापनको नतिजा हालसम्म पनि आएको छैन । जस विज्ञापन अनुसार ३९ जना तृतीय श्रेणीका शिक्षकहरुले फाइल बढुवाका लागि दरखास्त पेश गरेका थिए ।

बढुवा नतिजा किन ढिला भएको भन्दा शिक्षा निर्देशनालय कर्णाली प्रदेश सुखेतका एक कर्मचारी शिक्षक सेवा आयोग केन्द्रबाट प्रतिनिधि नआएका कारण मूल्याकन गरी नतिजा निकाल्न ढिला भएको बताउनु भयो । तर कहिले नतिजा आउने कुनै निश्चित छैन ।

.... .पेज नं. ८ मा

लोकतन्त्रमा चुनाव .....

आपसमा लडाउने भिडाउने षड्यन्त्र भएको उल्लेख गर्दै उहाँले देशलाई एकतामा बाँध्नु जरुरी भएको स्पष्ट पार्नुभयो । मेरो जीत आवश्यक छैन, जनतालाई जिताउनु छ, प्रधानमन्त्री ओलीले भन्नुभयो । राज्यका विभिन्न निकायलाई धमक्याउने तर्साउने काम भइरहेकामा उहाँले आपत्ति प्रकट गर्नुभयो । उहाँले विथोल्ने बिगाने तत्वदेखि सावधान हुन जरुरी रहेको उल्लेख गर्नुभयो । ताजा जनादेशका लागि प्रतिनिधिसभा भङ्ग गरेको उल्लेख गर्दै उहाँले जनमत लिनका लागि कोही पनि डराउन नहुने बताउनुभयो । बहुमतका नाममा पार्टी फुटाउने चक्रव्यूहको रचना गरिएकाले त्यसअघि नै चक्रव्यूह तोडिएको प्रधानमन्त्री ओलीको भनाइ थियो । बहुमत भत्काएर देशलाई अस्थिरतातर्फ धकेल्ने प्रयास गरिए पनि आफूले त्यसलाई सफल हुन नदिएको उहाँले उल्लेख गर्नुभयो । विसं २००७ को परिवर्तन नै देशका लागि मुख्य जग भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले बेलाबेलामा आन्दोलनका उपलब्धि खोसिने गरे पनि जनताको चेतना भने कसैले खोस्न नसक्ने बताउनुभयो । २००७ सालको परिवर्तनले सर्वाधिक दूरगामी महत्व राख्छ, त्यसकै परिवर्तनको जगमा देशमा अन्य परिवर्तनहरु भएका हुन् । उहाँले भन्नुभयो, विसं २००७ अघि साहित्यकार र कविहरुले राणा शासन हटाउनमा अहम् भूमिका निर्वाह गरेको सो अवसरमा उहाँले स्मरण गर्नुभयो । परिवर्तनका लागि कवि र लेखकहरुले जागरण अभियान चलाएका हुन्, उहाँले भन्नुभयो । बुद्धिजीवीहरु अलमलिए पनि जनता अलमलिँदैनन्, उहाँले भन्नुभयो, बुद्धिजीवीले सही बाटो देखाउन सहयोग गर्नुपर्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले २००७ सालकै परिवर्तनका कारण नेपाल नयाँ युगमा प्रवेश गरेको बताउनुभयो । बीचबीचमा विभिन्न विघ्नबाधा आए पनि २००७ सालकै जगमा देशमा महत्वपूर्ण परिवर्तन भएको उहाँले उल्लेख गर्नुभयो । आजको दिन पवित्र दिनका साथै जीवनको अभिन्न अङ्गसमेत बनेको छ, कुलपति उप्रेतीले भन्नुभयो, आजको दिन आगामी यात्राका लागि पनि प्रेरणा बन्ने छ । सो अवसरमा प्रधानान्त्री ओलीले राष्ट्रव्यापी कविता र निबन्ध प्रतियोगितामा उत्कृष्ट हुनुभएका सर्जकलाई नगद र सम्मानपत्रसहित सम्मान गर्नुभएको थियो । निबन्धतर्फ गणेशप्रसाद भट्टराई प्रथम, रेजिना आपगाई दोस्रो र प्रेमराज सिलवाल तेस्रो तथा कवितातर्फ विक्रमपवन परियार प्रथम, गोविन्दगोपाल खतिवडा दोस्रो हुनु भयो ।

करेन्ट लागेर .....

नरहेको आफन्तहरुले बताएको प्रहरीले जनाएको छ । प्रहरीले अनुसन्धान भने गरिरहेको प्रहरीको दावी छ ।

सबै घर परिवारलाई ....

कम्पनीको प्रतिसिलिण्डर ३ हजार ३ सय २ रुपैया ५० पैसाले २ हजार १ सय सिलिण्डरको रु. ६९ लाख ३५ हजार २ सय ५०, लक्ष्मी कम्पनीको चुलो ओर्जिनल पाइप रेगुलेटर सहित प्रतिचुलो सेटको २ हजार ७ साय ९० रुपैया गरेर १ हजार ५० चुलोको रु. २ ९ लाख २९ हजार ५ सय र ढुवानी ने पालगञ्जदेखि दुनैसम्म प्रतिकिलोग्राम २० का दरले ७० हजार ३ सय ५० किलोग्रामको रु. १४ लाख ७ हजार, दुनैदेखि २ सिलिण्डर र १ सेट चुलोको प्रति खच्चर ७ सयका दरले १०५० खच्चरको रु.७ लाख ३५ हजार गरेर कुल जम्मा रु. १ करोड २० लाख ६ हजार ७ सय ५० खचै भएको गाउँपालिका अध्यक्ष अंगद रानाले जानकारी दिनु भयो ।

सात वडा रहेको काइके गाउँपालिकामा टुप्पातारा, शहरतारा, तारकोट, गुम्बातारा, रुख, कोला, तालचन, लावन, धारापानी, वनठाँडा, व्यासगाड, व्यासी, खानी लगायतका विभिन्न गाउँहरु रहेका छन् । सबै गाउँका बासिन्दाहरुलाई पहिलो पटक ग्याँस सिलिण्डर र ग्याँस चुलो अनुदान वितरण गर्ने योजना स्वरुप ग्याँस सिलिण्डरहरु र ग्याँस चुलो खरिद गरी ढुवानी भैरहेको गाउँपालिकाका अध्यक्ष रानाले बताउनु भएको हो ।

दाउरा बालेर खाना पकाउदा र आगो ताप्दा धुवाँले स्वास्थ्यमा खराबी आउने गरेको र दाउरा काट्दा वन जंगल मासिएर वातावरण विग्रदै जान थाले काले वन जंगल तथा वातावरण संरक्षणका लागि र गाउँपालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा सुधार ल्याउन साथै टाढाटाढाबाट दाउरा बोक्ने समय बचत गरेर अन्य आयआर्जनमा प्रयोग गरुण र दाउरा बटुल्न हुने दुख हटाउनका लागि ग्याँस सिलिण्डर र चुलो अनुदानमा वितरण गरिएको काइके गाउँपालिकाले जनाएको छ । अनुदानमा दिएको ग्याँस सकिएर भर्नु पर्दा जनता आफैले भर्नु पर्ने गाउँपालिकाले जनाएको छ । यसले जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउछ ।

दोस्रो चरणको .....

१ सय २० जना जनप्रतिनिधिहरु, सरकारी कार्यालयका कर्मचरीहरु, बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरु, पत्रकारहरु र पहिलो चरणबाट छुटेका स्वास्थ्य कर्मीहरु महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई खोप लगाइएको हो ।

शनिवार सम्म दोस्रो चरणको खोप लगाउने सम्पुर्णको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जानकारी दिएको छ ।

शनिवारसम्म दोस्रो चरणमा ६ सय २८ र पहिलो चरणमा ३ सय ४२ जनामा गरी जम्मा ९ सय ७० जनालाई खोप लगाइएको छ । खोप अभियानको दोस्रो चरणमा २ दिन थप भएकाले सोमवारसम्म खोप अभियान संचालन हुने स्वास्थ्य सेवा कार्यालय डोल्पाका टेकबहादुर गुरुङले जानकारी दिनु भयो ।

निर्वाचन .....

हमालको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

शिक्षक बढुवा .. ..

उता शिक्षक सेवा आयोगले खुला र बढुवा तर्फ गरेर आयोगले प्राथामिक तह, निम्म माध्यामिक तह र माध्यमिक तहमा गरि १४ हजार ७ सय ५२ पदका लागि विज्ञापन आव्हान गर्ने तयारी गरिरहेको भन्ने समाचार विभिन्न मिडियामा आएका छन् । विज्ञापन भएको २ वर्षसम्म बढुवा नतिजा नआउँदा बढुवाको लाइनमा रहेका शिक्षकहरुलाई मर्का परेको ने पाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले बताउनु भयो । उहाँले आयोगले यो विज्ञापनको नतिजा छिटो प्रकाशन गर्नु पर्ने बताउनु भयो ।

आयोगका अनुसार २ हजार ६ सय ९१ बढुवा तर्फ र १२ हजार ६१ खुल्लातर्फको पद रहेको छ। आयोगले बढुवा शिक्षकतर्फ प्रावि प्रथम तहमा ३ सय ८४, प्रावि द्वितियमा १ हजार ३ सय २५, निमावि प्रथमतर्फ ६९, निमावि द्वितियतर्फ ३ सय ६४, मावि प्रथमतर्फ ९९, मावि द्वितियतर्फ ४ सय ५० गरी जम्मा २ हजार ६ सय ९१ पदको विज्ञापन खुला गर्ने तयारी गरेको आयोगका सूचना अधिकारी सुदर्शन मरहट्टाले जानकारी दिए ।

यसमा २५ प्रतिशत आन्तरीक प्रतियोगात्मक परीक्षा (लिखित), ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्नको आधारमा विभाजन हुने पनि उनले जानकारी दिए । उनकाअनुसार खुल्लातर्फ प्राथमिक तहको तृतीयमा ९ हजार १ सय ६, निम्न माविमा विभिन्न विषय गरेर १ हजार ९ सय १३ र माविमा विभिन्न विषय गरेर १ हजार ४२ गरी जम्मा १२ हजार ६१ पदका लागि विज्ञापन खुला गर्ने तयारी छ ।

यसरी जम्मा आएका रिक्त दरबन्दीमध्येबाट ५५ प्रतिशत खुलामा जाने छ र बाँकी रहेको ४५ प्रतिशत पदहरु मध्येबाट समावेशी तर्फ जाने छ। आयोगका रिक्त रहेको तीन सदस्यीय पदाधिकारी मन्त्रिपरिषद्बाट सिफारीस भएर आएपछि उनिहरुको निर्णयपछि आयोगले विज्ञापन खोल्ने अन्तिम तयारीमा रहेको छ ।

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाईउद्धार सम्बन्धी सूचना

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'बाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार कार्यक्रम सञ्चालन भइरहेको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार गर्नु परेमा निम्न ठेगानामा सम्पर्क गर्न हुन अनुरोध छ ।

सम्पर्क
राष्ट्रपति महिला उत्थान समन्वय इकाई,
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
सम्पर्क व्यक्ति : अन्जु ढुंगाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क नं. ९८५१२५५२५४
इमेल : pup.mowcsc@gmail.com

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

निर्वाचन नै उत्तम उपाय

प्रजातन्त्रको परिभाषा भनेकै खुला रुपमा जनतामा गएर चुनावी प्रतिस्पर्धा गर्नु हो । यसैलाई प्रजातान्त्रिक व्यवहार भनिन्छ । प्रजातन्त्रमा निर्वाचन उत्तम उपाय हो जनताको जनमत लिने । यही उपायको प्रयो ग गरेर जनताको विश्वास तथा समर्थन कसलाई छ भन्ने जानकारी पाउनका लागि निर्वाचन गरिन्छ । यही निर्वाचनका माध्यमबाट नै को राम्रो र को कसको जनता सामु कस्तो छवी छ भन्ने थाहा पाउने सबै भन्दा सही र उत्तम उपाय हो । यतिबेला सत्तारुढ दल नेकपा २ धारमा देखिएको छ । आफ्नै पार्टीको सरकारका विरुद्धमा आफ्नै पार्टी भित्रका प्रतिनिधि सभा सदस्यहरुले प्रतिपक्षको भन्दा कडा आरो पहरु लगाएका छन् ।

हामीले देख्यौ २०५१ सालमा नेपाली काँग्रेसको एक्लै बहुमतको सरकार त्यही सरकारको नेतृत्व गर्ने पार्टीको आन्तरिक किचलोका कारण सरकारले काम गर्न नसकेको, देश अस्थिर भएको विभिन्न काममा समस्या भएको भन्दै तत्कालिन प्रधानमन्त्री गीरिजाप्रसाद को इरालाले संसद विघटन गरी निर्वाचन गराउनु भएको थियो । हो भलै उहाँको पार्टी नेपाली काँग्रेसले हारेको थियो तर गीरिजाप्रसाद कोइरा लाले प्रजातान्त्रिक व्यवहार प्रदर्शन गर्नु भएको थियो ।

हामी के कस्तो काम व्यवहारलाई प्रजातन्त्र भन्छौं, हाम्रै घर को विचार गर्न सक्छौं घरमा दिनदिनै कचिङ्गल भयो भने कुनै पनि सरसल्लाह अनुसार काम हुन्छ ? र होला ? पक्कै हुँदैन । प्रजातन्त्रका कुरा गर्नु भाषण गर्नु निकै सजिलो छ । प्रजातान्त्रिक व्यवहार देखउनु निकै मुस्किल छ । त्यस कारण प्रजातन्त्रिक व्यवहार भनेको पार्टीका अधिवेशनहरुले नेतृत्व चयन गर्नु, अधिवेशनबाट जितेकाले आफ्नो कार्यकाल भरि शाषण गर्नु, हारेकाले रचनात्मक सहयोग गरेर अको अधिवेशनबाट नेतृत्व लिने गरी तयारी गर्नु, पार्टी भित्र हुने सम्पूर्ण गतिविधि पार्टी कार्यकर्तासम्म पुऱ्याएर आउने अधिवेशनलाई आफ्नो पोल्टामा पार्ने गरी निर्वाचन गतिविधि संचालन गर्नु, नेतृत्वमा रहेकाले आफूले अधिवेशनमा गरेका बाचा बमोजिम सबैको मत बमोजिम ने तृत्व गर्ने सबैको भावना अनुसार छलफल र निर्णय बमोजिम काम गर्ने व्यवहार प्रजातान्त्रिक व्यवहार हो भन्ने लाग्छ ।

तर यतिबेला हामीले नेकपा भित्रको गाइजात्रा हेर्दा निकै घिनल(ाग्दो अवस्था देखेका छौं । हामीले भन्यौ नि अधिवेशन नै नेतृत्व तह लगाउने, परिवर्तन गर्ने प्रजातन्त्र र प्रजातान्त्रिक व्यवहारको पहिलो हतियार हो, तर अधिवेशन होइन आन्दोलन, गाली बेइजति सडक, सदन रे के भनेको ? हेर्नुहोस त नेकपा को अधिवेशन २०७७ चैत २७ देखि ३० गतेसम्म तोकिएको थियो । केपी ओलीलाई गलहत्याउने त्यही अधिवेशन नै हतियार हो । त्यही नै वैधानिक तरिका हो । प्रजातान्त्रिक व्यवहार हो । त्यो मिति आउने कति समय छ ? कति महिना छ ? आन्दोलनबाट गलहत्याउन चाहनेहरुलाई नागरिकको प्रश्न हो । यही २ महिना समय पर्खन नसक्नेहरुले प्रजातन्त्रको दुहुवाई दिइरहेको दे ख्दा हाँसो उठेर आउँछ । यही कुरा नेपाली जनताहरुले, राजनीतिक दलहरुले बुझ्न जरुरी छ, प्रजातान्त्रिक व्यवहार निर्वाचन हो ।

साइनो

विष्णुप्रसाद अधिकारी

... ७६
लैजाऊ हरियाली
म निखेको पतझड
सपना कोरली व्युझिऊँ ।

७७
स्यालको आयु लामो
राम राज्य कोरा नारा
लुकेका सबै प्रकाशमा ।

७८
मानो आफ्नो खाएर
सन्तान थरिथरिका
गीत कसको पो गाउँदै ?

७९
समयको अभाव
कसैलाई पनि हुन सक्छ
निशब्द एउटा जवाफ ।

८०
सपना र कसम
उस्तै लाग्छ हो मलाई
पूर्णतामा अनिश्चितता ।

८१
रङ्गहरु भुलेर
श्यामश्वेत अँगाल्छु म
हेर । आकाश त फेरिन्छ ।

८२
धारो छोडिन्छ पर
प्यासी अर्को मूल पुग्छ
समय समयको खेल हो ।

८३
परिवर्तनवादी
तहस नहस मन
फर्केला बगेको खहरे ।

८४
काल्पनिक होइन
जिवित चम्किलोपन
जीवन प्रसङ्ग सुनौलो ।

८५
पाएको विरासत
सन्ततिमा नथोपरौं
दर्शन कोसेली बनोस् ।

८६
सास फेरे जत्तिकै
उमारीदिऊँ उनमा
अविरल शक्ति प्रेमको ।

८७
कथामा खोजी हेर
कमाइका रंगहरु
आँसु, पसिना र रगत ।

८८
मिचिएका नियम
अँध्यारो चिर्ने मुकाम
नजर होस् भत्किनु पूर्व ।

८९
शिशिरको रहर
प्रभुता दिगदिगन्त
चिन्न नपुगेर हो भिन्न ।

९०
छुदैन आजकल
छुँदै छुँदैन किन हो ?
कलेजो कडा कि नशा यो । .....

खेलकुद

घोडा दौड प्रतियोगिता

सुस्केरा समाचारदाता

डोल्पा, फागुन - लोकतान्त्रिक गणत(न्त्रात्मक शासन व्यवस्था प्रणाली भएको हाम्रो देश प्रजातान्त्रीक व्य(वहारमा संघर्ष गरिरहेको छ ।

प्रजातन्त्र दिवसका अवसरमा आयो जित मन्तव्य कार्यक्रममा जिल्ला समन्वय समिति डोल्पाका उपप्रमुख नरबहादुर बुढाले उक्त कुरा बताउनु भएको हो ।

यही क्रममा आयोजित घोडा दौड प्रतियोगिता सम्पन्न भएको छ । प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा दिवस आयोजना विषयमा बसेको बैठकले घोडा दौड नराखेको भए पनि सर्वसाधारणहरुको दबाव बढे पछि जिल्ला समन्वय समिति डोल्पाका उपप्रमुख नरबहादुर बुढाको पहलमा घोडा दौड प्रतियोगिता आयोजना गरि एको थियो ।

कोरोना कारण यो वर्ष खेल जगत पनि किनै अस्तव्यस्त भएको छ । यस अवस्थामा डोल्पामा खेलकुद क्षे त्र निकै पछि परेको अनुभव भैरहेको अवस्थामा डोल्पालीहरुलाई मनोरञ्जन दिने विभिन्न कार्यक्रमहरु नभैरहेको बे ला वर्षेनी आयोजना हुँदै आएको घोडा दौड प्रतियोगिता पनि यो वर्ष नहुने निश्चित भएको थियो ।

तर पनि प्रत्येक वर्ष फागुन ७ गते घोडा दौड प्रतियोगिता अवलोकन गरेर मनोरञ्जन लिएका सर्वसाधारणहरु र घोडा दौडाउनेहरु जम्मा भएर घोडा दौडाउनु पर्ने माग राखे पछि घोडा दौड प्रतियोगिता आयोजना गर्नु परे को बताइएको छ ।

सुशासन र विकास पहिलो सर्त

सुस्केरा समाचारदाता

काठमाडौं, फागुन - नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले दे श, जनता, सुशासन र विकासलाई मूलमन्त्र मानेर सरकारले काम गरिरहे को बताउनुभएको छ ।

नेकपाद्वारा शनिबार विराटनगरमा आयोजित बृहद् कार्यकर्ता भेलामा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओ लीले सो कुरा बताउनुभयो । हाम्रो लक्ष्य र मूल उद्देश्य देश, जनता, लो कतन्त्र, सुशासन र विकास हो उहाँले भन्नुभयो । देश बनाउने अभियानमा आफू नेतृत्वको सरकार र पार्टी रहे काले सोही अभियानमा लामबद्ध हुन प्रधानमन्त्री ओलीले सबैमा आव्हान गर्नुभयो । विकासको अभियान कसै ले रोक्न सक्दैन ।हाम्रो उद्देश्य वाद प्रतिवादमा अल्झिने होइन, काम गने हो । सुशासन र विकासको काम गर्ने हो प्रधानमन्त्री ओलीले नेपाललाई समृद्ध नेपाल र सुखी नेपाली बनाएर छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । देश विकासको अभियानलाई कसैले रोक्न नसक्ने उहाँले प्रष्ट पार्नुभयो ।

प्रचण्डले पहिले वैद्यलाई साथ लिनुभयो, फेरि डाक्टरलाई छान्नुभयो, अहिले झाँक्री लिनुभएको छ, त्यसले उहाँलाई बचाउन सक्दैन अध्यक्ष ओलीले थप्नुभयो, सिद्धिइसकेको प्रचण्डलाई ल्याएर जुरो हालिदिएको थिएँ, सिङ लामा भएपछि उहाँमा अहङ्कार चढ्यो, हामीलाई नै सिध्याउँछु भन्न थाल्नुभयो । उहाँको नियति असफलता बाहेक केही होइन । अझै पनि तपाई फर्किन चाहनुहुन्छ भने फर्केर आउनुस्, जनताको भीडमा मिसिनुस् उहाँले आग्रह गर्नुभयो । प्रचण्ड खिइने बाटो, सिद्धिने बाटोमा मिसिनुभयो, भीरबाट लड्नेलाई रामर ाम भन्न सकिन्छ, काँध थाप्न सकिदैन उहाँले भन्नुभयो ।

कसका लागि नेपाल बन्द ? मधेसी, थारु, महिला, मुस्लिम, दलित, सुकुम्बासी, उपेक्षित पीडितका विरुद्धमा ? जिज्ञासा गर्नुहुँदै प्रधानमन्त्री ओलीले नेपाल बन्दले सरकारको विकासको काम नरोकिने बताउनुभयो । प्रचण्ड-माधव पक्षले माघ २२ गते एक दिने नेपाल बन्दको आयोजना गरे को थियो ।

नेपाल सिर्जनाको, खोज अनुसन्धानको मुहान हो, त्यसैले यो देशको समृद्धि सम्भव छ प्रधानमन्त्री ओलीले भन्नुभयो, हिजो झुक्याएर हस्ताक्षर गराएकाहरु हस्ताक्षर फिर्ता गरेर मूल घरमा फर्किदै हुनुहुन्छ, फर्केर पार्टीमा आउनुस् स्वागत छ । हामी सबै मिलेर देश समृद्ध बनाउने अभियानमा लागौं, देश बनाउने नेतृत्व गर्नुस् उहाँले आव्हान गर्नुभयो । अरुको ईसार ामा नचलिदिनुस्, भ्रममा न पर्नुस् अध्यक्ष ओलीले थप्नुभयो, नेता शेर बहादुर तामाङ र नेतृ उषाकला र ाई फर्केर आइसक्नुभयो, तपाईहरु पनि आउनुस् । आफूहरु झगडिया नभएको बताउनुहुँदै प्रधानमन्त्री ओ लीले भन्नुभयो, हामी झगडिया हो इनौं, मुद्दा हाल्न जाँदैनौं, लोकतन्त्रका लागि, देश र जनताको लागि काम गर्नमा व्यस्त छौं । सभामुखले त बाटो बिराउनुभयो, अब उपराष्ट्रपतिले पनि पदमा बसेर संविधानविरोधी काम गर्दै हुनुहुन्छ प्रधानमन्त्री ओलीले भन्नुभयो, अविश्वासको प्रस्ताव राख्न लागि सके पछि त्यसबाट जोगिन प्रतिनिधिसभा विघटन गर्नुपऱ्यो ।

बाल संशार



विद्यार्थीहरु क्षमता प्रदर्शन गर्दै ।

चुनावी तयारीमा जुट्नुस : देउवा

सुस्केरा समाचारदाता

त्रिशूली, फागुन - नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधि सभाको चुनाव हुने भएकाले तयारीमा जुट्न कार्यकर्तालाई आह्वान गर्नुभएको छ ।काँग्रेस नुवाकोटको पार्टी कार्यालय (विपी स्मृति भवन)को विदुरमा आज उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत र हनुभएका उहाँले तोकिएको मितिमा चुनाव हुनेमा विश्वस्त हुँदै पार्टीलाई पहिलो बनाउन प्रचार अभियानमा लाग्न कार्यकर्तालाई आग्रह गर्नुभयो । उहाँले संसद् विघटनसम्बन्धी सडकमा बहस नगर्न सचेत गराउँदै अद(ालतको फैसलाको काँग्रेसले स्वागत गर्ने बताउनुभयो । विघटन भएको संसद् पुनःस्थापना हुनुपर्छ भनेर अद(ालतमा विचाराधीन विषय संवेदन(शील हुन्छ, त्यसमा दबाब दिनुहुन्न, देउवाले भन्नुभयो, अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा चुनाव चिन्ह र पार्टीको आधिकारिता विवाद पनि चुनावी तयारी को सङ्घर्ष हो । कार्यक्रममा पार्टीका नेता प्रकाशमान सिंहले अदालतले विवेकपूर्ण निर्णय दिएर अस्थिरता हटाउछ भन्नेमा आशावादी हुनुपर्नेमा जोड दिनुभयो । पार्टीका केन्द्रीय सदस्य अर्जुननरसिंह केसी, डा रामशरण महत, गगनकुमार थापा, कमला पन्त, प्रदीप पौडेल, बहादुरसिंह लामा तामाङलगायतले मुलुकमा अराजकता बढिरहेको टिप्पणी गर्नुभयो । विसं २०५८ मा विपी स्मृति भवनका नाममा शिला(न्यास भएको पार्टी कार्यालय करीब रु चार करोड लगानीमा निर्माण गरि एको हो ।उक्त भवनसहित त्यहाँ रहेको गणेशमान स्मृति सभाकक्ष, डिजिटल बोर्डलगायतको पनि आजै उद्घाटन गरिएको छ ।

सामान्य ज्ञान २०

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नु हुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. भाषा पाठशालाको स्थापना कहिले भएको थियो ?
२. नेपालको पहिलो शिक्षा मन्त्री को हुन् ?
३. नेपालमा पहिले एस.एल.सी.पास गर्ने व्यक्ति को हुन् ?
४. बाल अधिकार महासन्धी कहिले देखि लागु भएको हो ?
५. दरबार स्कूलको स्थापना कहिले भएको हो ?
६. त्रिभुवन विश्व विद्यालयको स्थापना कहिले भएको हो ?
७. पोखरा विश्व विद्यालयको स्थापना कहिले भएको हो ?
८. काठमाण्डौं विश्व विद्यालयको स्थापना कहिले भएको हो ?
९. वीर पुस्तकालयको स्थापना कहिले भएको हो ?
१०. नेपालमा चर्खा आन्दोलन कहिले भएको थियो ?
११. सबैभन्दा पुरानो दर्शन कुन हो ?

उत्तर :

१. वि.सं. १९५८, २. नृपजंग राणा, ३. चन्द्र शमशेर, ४. २ सेप्टेम्बर १९९०, ५.वि.सं. १९१०, ६. वि.सं. २०१६, ७. वि.सं.२०५५, ८. वि.सं.२०४८, ९.वि.सं.२०५७, १०. वि.सं.१९८७ र ११. आदर्शवाद

महिला हिंसाविरुद्ध कडा कानुन

- कुमार विवेकानन्द मिश्र

बैतडीको दोगडाकेदार गाउँप(ालिका वडा नम्बर ७ की १७ वर्षीया किशोरी भागरथी भट्टको बलात्कार पछि हत्याको घटनाले देश स्तब्ध बनेको छ। सनातन धर्म मावि‍को कक्षा १२ मा अध्ययनरत भट्ट गत साता बुधबार घर फर्कने क्रममा बे पत्ता भएकी थिइन। भोलिपल्ट भागर थीको शव बलात्कारपछि हत्या गरि एको अवस्थामा फेला परेको थियो। यस्तो पाशविक घटनाले दोगडाकेदार गाउँपालिका र बैतडी जिल्ला मात्रै हो इन, सिङ्गो मुलुक शोकमा डुबेको छ। प्रहरीले घटनाको व्यापक छानबिन गरिरहेको छ। घटनास्थलमा क्रिया(शील रहेका मोबाइलबाट अपराधी पत्ता लगाउने कार्यमा प्रहरी सक्रिय छ। छिट्टै अपराधी पत्ता लाग्ने प्रहरीको दावी छ। भट्टजस्तै साढे दुई वर्षअघि कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नम्बर १३ की १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको थियो। पाशविक तवरले हत्या गरि एको अवस्थामा पन्तको शव २०७५ साउन १० गते फेला परेको थियो। त्यस घटनाले अहिलेसम्म जोकोहीको आङ सिरिङ हुन्छ। पन्तको हत्यामा संलग्न अपराधी अझसम्म पत्ता लाग्न सकेको छैन। घटनापछि प्रहरी निर न्तर अनुसन्धानमा सक्रिय छ तर अझै अपराधीलाई कानुनको दायरामा ल्या(उन सकिएको छैन। गएकै साता मोर ङको जहजा गाउँपालिका वडा नम्बर १ की १४ वर्षीया बालिकालाई दुई युवकले अपहरण गरी बलात्कार गरे को घटना सार्वजनिक भयो। राति शौ च गर्न घर बाहिर निस्केकी बालिक(ालाई दुई युवकले मोटरसाइकलमा अपहरण गरी नजिकैको मकैबार ीमा लगेर बलात्कार गरी घर बाहिर ल्याई छाडेर बेपत्ता भए। युवकले प्रयोग गरेको मोटरसाइकल प्रहरीले पत्ता लगाइसकेको छ, केही दिनभित्रै अपराधी नियन्त्रणमा आउने प्रहरीको दावी छ। केही समययता बलात्कार घटना वृद्धि हुँदै गइरहेका छन्। प्रहरी प्रधान कार्यालयको तथ्याङ्क हेर्ने हो भने पछिल्लो चार वर्षमा १७ जनाको बल(ात्कारपछि हत्या भएको छ। २०७४ सालयता बलात्कारका सात हजार १७० घटना भए जसमध्ये १७ जनाको हत्या भयो। आर्थिक वर्ष २०७०/०७१ मा बलात्कारका ९०५ वटा घटना भए। आर्थिक वर्ष २०७६/०७७ सम्म आइपुग्दा त्यो सङ्ख्या बढेर दुई हजार १४६ पुग्यो। यसरी बर्सेनि बढ्दै गएको बलात्कार घटनाले समाजलाई चिन्तित बनाएको छ। बलात्कारका घटनामा वृद्धि भएपछि यसमा संलग्न अपराधीलाई मृत्युदण्ड नै दिनुपर्ने माग बढेर गयो। निर्मला पन्तको बलात्कार पछि हत्या घटनाले स्तब्ध मुलुकमा सबैजसो क्षेत्रबाट बलात्कारजस्ता यौ नजन्य हिंसामा संलग्न व्यक्तिलाई कडा कानुनको आवश्यकता महसुस गरियो। जसलाई सम्बोधन गर्न सर कारले मौजुदा कानुनमा परिवर्तन गऱ्यो।

बलात्कारसम्बन्धी कानुनमा परिवर्तन

सरकारले मौजुदा मुलुकी अपर ाध (संहिता) ऐन २०७४ लाई समसामयिक बनाउन अध्यादेशमार्फत संशोधन गरी कडा कानुन ल्यायो। त्यसका लागि यौन हिंसाविरुद्धका के ही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७७ जारी गरियो। यसले यौनजन्य हिंसाविरुद्ध कडा रूपमा सम्बोधन गरे को छ। यसअघि यौन हिंसामा संलग्न व्यक्तिलाई कैद मात्रै गरिन्थ्यो भने अध्यादेशमार्फत ती व्यक्तिलाई थप जरिवानाको समेत व्यवस्था गरिएको छ र पीडकबाट प्राप्त त्यो जरिवानाको रकम पीडितलाई दिनुपर्ने व्यवस्था गरिएको छ। यसअघि पीडकलाई कैद सजायको व्यवस्था भए पनि पीडित(लाई कुनै राहत क्षतिपूर्तिको व्यवस्था थिएन। अध्यादेशमार्फत आएको नयाँ कानुनअनुसार १० वर्षभन्दा कम उमेर की बालिकालाई जबर्जस्ती करणी (बलात्कार) गर्नेलाई १६ वर्षदेखि २० वर्षसम्म कैद र छ लाख रुपियाँ जरि वाना, १० वर्ष वा १० वर्षभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए १४ वर्षदेखि १६ वर्षसम्म कैद र छ लाख रुपियाँ जरिवानाको व्यवस्था गरिएको छ। यस्तै १४ देखि १६ वर्ष उमेरकी बालिका भए १२ वर्षदेखि १४ वर्षसम्म कैद र चार लाख रुपियाँ जरि वाना र १६ वर्षदेखि १८ वर्ष उमेर की महिला भए १० वर्षदेखि १२ वर्षसम्म कैद र चार लाख रुपियाँ जरि वानाको व्यवस्था थपिएको छ। उमेर १८ वर्षभन्दा बढी भएकी महिला भए सात वर्षदेखि १० वर्षसम्म कैद र दुई लाख रुपियाँ जरिवानाको व्यवस्था गरि एको छ।

मिलापत्र दण्डनीय अपराध

बलात्कारजस्ता जघन्य यौनजन्य हिंसाका घटना गाउँ समाजमा पञ्चायतीमार्फत टुङ्गो लगाउने वा मिलापत्र गर्ने गराउने कार्यलाई समे त निरुत्साहित गरी कानुनले अपर ाध घोषित गरेको छ। साढे दुई महिनाअघि २०७७ मङ्सिर २१ गते प्रमाणीकरण भई जारी भएको उक्त अध्यादेशमा बलात्कार पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसुरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसुर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवार को सदस्यवीच मेलमिलाप वा मिल(ापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न नहुने उल्लेख छ। त्यस्तो कसुर गर्ने गराउने व्यक्ति(लाई तीन वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ। यदि मेलमिलाप वा मि(लापत्र गर्ने गराउने व्यक्ति सार्वजनिक पद धारण गरेको भएमा छ महिना थप कैद गरी कुल साढे तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिवाना हुने छ। यति मात्र होइन ती व्यक्तिलाई अपर ाधमा संलग्न मतियार वा दुरुत्साहन गरेको आरोपमा मुद्दासमेत चलाउने थप व्यवस्था गरिएको छ।

झुठा उजुरी गरेबापत सजाय

बलात्कारसम्बन्धी झुठा उजुरी वा साक्षी बकपत्र गर्नेलाई पनि कानुनी दायरामा ल्याइएको छ। कतिपय अवस्थामा फसाउन वा रिसइवी साँध्न झुठा उजुरी गर्ने गरेको पाइएपछि त्यसलाई निरुत्साहन गर्न यस्तो कानुन ल्याइएको हो। जसअनुसार जबर्जस्ती करणीसम्बन्धी मुद्दाको झुठा उजुरी वा बकपत्र गर्ने व्यक्तिलाई जबर्जस्ती करणीसम्बन्धी कसूर गर्ने कसुरदार लाई हुने न्यूनतम सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ। निर्दोष नफसुन् र दोषी नउम्किउन् भन्ने मान्यताअनुरूप यो कानुनी व्यवस्था गरिएको हो।

तेजाब (एसिड) आक्रमण महिला माथि हिंसाको अर्को माध्यम बनेको छ तेजाब (एसिड) आक्रमण। प्रेम प्रस्ताव, विवाह अस्वीकारलगायतका कारण होस् वा बाटो हिँडिरहेका बखत युवतीमाथि एसिड आक्रमणका घटना पनि केही समययता बढ्दै गएको बताइएको छ। प्रहरीका अनुसार विशेष गरी विद्यालय वा कले जमा अध्ययनरत छात्रामाथि युवकले एकतर्फी प्रेम सफल नभएपछि एसिड आक्रमण गर्ने गरेका छन्। गत वर्ष ओखलढुङ्गा घर भई काठमाडौँको बाफल बस्दै आउनुभएकी कक्षा १२ मा अध्ययनरत २२ वर्षीया पवित्रा कार्कीमाथि एसिड आक्रमण भयो। गार्मेन्टको काम गर्ने भारतीय नागरिक मोहम्मद आलमले उनलाई एकतर्फी प्रेममा एसिड आक्रमण गरेका थिए। कार्कीले चिनेजानेकै दाइजस्तो व्यक्ति आलमबाट एसिड आक्रमणको सिकार हुनुपऱ्यो। दुई वर्षअघि वीरगञ्जकी १४ वर्षीया मुस्कान खातुनलाई पनि कलेज जाँदै गर्दा एसिड आक्रमण भयो। मोटरसाइकलमा आएका दुई युवकले उनीमाथि एसिड फ्याँकेका थिए। त्यसबाट उनको अनुहार कुरूप भयो। कार्की र मुस्कानजस्तै कैयौँ युवती तथा महिला एसिड आक्रमणको सिकार भएका छन्। यस्ता घटना बढे पनि घटनामा संलग्न व्यक्तिलाई कार बाही गर्ने कानुन कडा थिएन। एसिड आक्रमणकारीविरुद्ध कडा कानुन आउनुपर्ने आवाज मुखरित भयो। आक्रमणकारीलाई ज्यान मुद्दासरह जन्मकैद दण्ड सजायको व्यवस्था गर्न मागसहित दबाब सिर्जना भएपछि सरकारले यस विषयमा पनि मौजुदा कानुनमा अध्यादेशमार्फत परिवर्तन गऱ्यो। एसिड आक्रमणविरुद्ध कडा कानुन बढ्दो अपराधसँगै कानुन पनि परिवर्तन गर्नुपर्ने मान्यताअनरूप सर कारले एसिड आक्रमणविरुद्ध .....

ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला। आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि वन्छ समृद्धिको वेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

सबैलाई चेतना भया - प्रजातन्त्र ।

- कृष्णमुरारी भण्डारी

सुशासन र निर्वाचन प्रजातन्त्रको पूर्वाधार हो । फागुन ७ गते प्रजातन्त्र दिवस । अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नयाँ युगमा छौं । देश गणतन्त्रमय छ । गणतान्त्रिक संविधानले परिकल्पना गरेको लोकतान्त्रिक पद्धति, मूल्य-मान्यता, राष्ट्रिय पहिचान, सार्वभौम नागरिक, निर्वाचन र संसदीय व्यवस्थाका बारेमा बहस गरिरहँदा मुलुकमा जनताले आफ्नो भविष्य आफैंले बनाउने सुरुवात गरेको २००७ साल फागुन ७ गते अर्थात्, प्रजातन्त्र दिवस ७० वर्ष पूरा गरी ७१औं वर्षमा प्रवेश गरेको छ । यसबीच हामीले प्रयोग गरेका प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र अर्थात् जनतन्त्रको कुरा यहाँ चर्चा गरिएको छ ।

गणतन्त्रलाई जनतन्त्र किन भनिएको हो भने शब्दको सम्बोधनमा मात्र भिन्न हो, सार र रूप दुवैमा जनताले आवधिक निर्वाचनमार्फत आफ्ना प्रतिनिधि आफैंले छानेर आफैंलाई शासन गर्ने व्यवस्था हो । जनताले, जनताको लागि, जनताद्वारा शासन सञ्चालन गरिने पद्धति भएकोले यसबारे थप टीकाटिप्पणी, बहस र छलफल गरिरहनु परेन ।

सार्वभौम नेपाली जनताले चुनेको संविधान सभाले नेपालको संविधान जारी गऱ्यो । जनताका प्रतिनिधिहरूले चुनेको संविधान सभाबाट संविधान बनाइने कुरा पनि २००७ साल फागुन ७ गतेको घोषणामै गरिएको थियो । जो यतिखेर यथार्थमा परिणत भएको छ ।

२०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । त्यसै संविधानअनुरूप २०७४ सालमा भएका निर्वाचनले संविधानको कार्यान्वयन गऱ्यो । देशमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकार चुनिए । देशले लोकतान्त्रिक गणतन्त्र/जनतन्त्रको नयाँ युगमा औपचारिक रूपमा प्रवेश पायो ।

अन्धकारबाट उज्यालोतर्फ

वि.सं. १९०३ मा जङ्गबहादुर राणाले कोत पर्वमार्फत भाइभारदारको हत्या गरी जहानियाँ राणा शासनको सुरुवात गरेका थिए । त्यसले एकसय चार वर्षसम्म नेपाली जनतालाई अन्धकार युगमा राख्यो । मानव सभ्यताको इतिहासमा हामी चारसय वर्ष पछाडि पर्यौं । परिणाम 'जेनेटिकल्ली' हाम्रो पाँच पुस्ता 'सप्रेस्ड' भयो । कुँजियो । फैलिन, फक्रिन पाएन ।

त्यो अँध्यारो कालखण्ड मानव सभ्यताकै इतिहासमा कलङ्कको रूपमा रहेको छ । जसले नागरिकलाई मानिसको दर्जासम्म पनि दिएन । दास युगमा मानिस बिक्री वितरण, निकासी, पैठारी गरेर जसरी गोरा हरूले अफ्रिकालगायतका मुलुकका मानिसलाई पशुवत् व्यवहार गर्थे, त्यही तहको नदेखिए पनि व्यवहारत मनोवैज्ञानिक रूपमा जहानियाँ शासनले नेपाली नागरिकलाई शोषण, पीडा र उत्पीडन दिइरह्यो ।

यो क्रूर इतिहासलाई अस्वीकार गर्दै नहेरेको भए हामी प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक/जनतान्त्रिक व्यवस्थासम्म आइनपुग्ने मात्र हो इन कि नयाँ बाटो पहिल्याउन सक्ने ल्याकतका पनि हुँदैनथ्यौं ।अहिलेको गन्तव्यमा पुग्नबाट पहिल्यै अल्मलिन्थ्यौं ।

ऐतिहासिक दिन

२००७ साल फागुन ७ गते अन्धकार युग अन्त्य भएको दिन हो । बन्द समाजबाट खुला समाजतर्फको यात्रा शुभारम्भ भएको क्षण हो, जसका लागि गङ्गालाल, दशरथचन्द, धर्मभक्त र शुक्रराज शास्त्रीले शहादत प्राप्त गरेका थिए ।

फागुन ७ गते प्रजाबाट सार्वभौम जनता बन्न सुरुवात भएको दिन हो । गतिहीनताबाट गतिशीलतातर्फको यात्रा आरम्भ हो । एउटा व्यक्तिले दिएको कानुनबाट होइन कि आफूले आफैंलाई शासन गर्न कानुन बनाउने पद्धति घोषणा गरिएको दिन हो । आफ्नो शासन आफूले चुनेका प्रतिनिधिहरूबाट हुने व्यवस्थाको प्रारम्भ भएको अवसर हो । राज्य-जनता, जनता-जनताबीच आफ्नो शासन आफैं गर्ने पद्धति विकास गरेर अगाडि बढ्ने सङ्कल्प गरिएको दिन हो । समग्रमा, जनताले आफ्नो भाग्य आफैंले बनाउने सुरुवात हो सात सालको क्रान्ति !

२००७ साल फागुन ७ गते त्यस्तो ऐतिहासिक दिन हो, जसरी हामी व्यक्तिहरू जन्मदिन मनाउँछौं, हो त्यसैगरी नेपालमा जहानियाँ शासनको अन्त्य भई लोकतन्त्रको आरम्भ भएको दिनको रूपमा फागुन ७ लाई सम्झनुपर्छ । जन्मँदा जसरी को ही महान् हुँदैन, पछि गरेका उसका कर्मले महान् हुने हो । त्यसैले महान् भएर मात्र मनाइने होइन जन्मदिन । जन्म भएको अर्थात् प्रारम्भ भएको दिनको रूपमा जन्मदिन मनाइने हो । लोकतान्त्रिक गणतन्त्रको अहिलेको युगमा ००७ सालले सुरुवात गरेका बिन्दुहरू साना देखिएलान् तर ती बिन्दुहरू नै अहिलेको परिवर्तनका प्रारम्भतर्फका प्रथम पाइला हुन् । त्यतिखेर परिवर्तन नभएको भए अहिलेको परिवर्तन सम्भव थिएन ।

निर्दलीय निरङ्कुशता

अँध्यारो सुरुङबाट झलमल्ल घाम लागिरहेको खुला संसारमा बाहिर निस्केका प्राणीहरूलाई केही अलमल हुन्छ, त्यस्तै अलमलमा नेपालीलाई पार्न १० वर्षसम्म खुबै दुष्प्रयत्न गरियो । २०१७ साल पुस १ गते राजा महेन्द्रबाट जनतामा रहेको त्यही अन्योल र असहजताको दुरुपयोग भयो । सेना प्रयोग गरेर निर्वाचित सरकारलाई अपदस्त गरियो । निर्दलीय निरङ्कुशता जबर्जस्त लादियो, जसले गर्दा फेरि ३० वर्ष निरङ्कुश अन्धकारले मुलुकलाई छोप्यो । जहानियाँ राणा शासन निरङ्कुशताको र पञ्चायती शासन शाह, राणा र घरानियाँहरूको नियन्त्रणमा पुग्यो ।

२०१७ साल पुस १ गते खोसिएको प्रजातन्त्र २०४६ साल चैत २६ गते पुनर्स्थापना भयो । दलीय व्यवस्था लागू भई जननिर्वाचित सरकार बन्यो । प्रजातन्त्र पुनर्स्थापित भएको महसुस गरियो । तर जुन तहको व्यवस्थित रूपमा मुलुक अगाडि बढ्नुपर्ने थियो, क्रान्तिका नायकले नै त्यो महसुस गरेनन् । नायक र योद्धाहरूले आफू र आफ्नालाई मात्र राज्यसत्ताको स्रोत साधनमार्फत संरक्षण, प्रवर्द्धन र पोषण गर्नमैं रमाए । जसको परिणाम माओवादी सशस्त्र विद्रोह जन्मियो । विद्रोहले पनि प्रष्ट गति लिन सकेन । आतङ्क र त्रास बढी सिर्जना गऱ्यो । त्यसैले २०४६/४७का योद्धाहरूले विद्रोहीहरूसँग मिलेर सङ्कल्प गरे -लोकतान्त्रिक क्रान्तिमार्फत गणतन्त्र घोषणा नभएसम्म २१ औं शताब्दीमा नेपालले गति लिन सक्दैन । 'जेनेटिकल्ली सप्रेस' जनता जनगणतन्त्र चाहन्थ्यो र ०६२/६३ को आन्दोलनमा समाहित भयो । परिणाम, जनताले राजतन्त्रलाई सदाको लागि बिदा गरे । आफ्ना प्रतिनिधिमार्फत आफ्नो संविधान आफैं जारी गरे र गणतन्त्रको लोकतान्त्रिक संविधानमार्फत सङ्घीय, प्रादेशिक र स्थानीय सरकार बनाउन सफल पनि भए ।

बुद्धिजीवी र विश्लेषक

प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र/जनतन्त्रका चरण नपरेका होइनन् नेपालमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रमार्फत समाज रूपान्तरणको विषयमा आलोचनात्मक चेतसहित प्रस्तुत हुन सकिदैनथ्यो । हाम्रा बुद्धिजीवी, राजनीतिक-आर्थिक-सामाजिक विश्लेषक, समाजशास्त्री र अर्थशास्त्रीहरू यसैमा चुकेका हुन् ! त्यसैले मूर्धन्य ठानिएकाहरू पनि २०७८ वैशाख १७ र २७ गते हुने निर्वाचनबारे अलमलिएको अभिव्यक्ति दिइरहेका छन् ।

आधारभूत रूपमा बुझ्नुपर्ने कुरा के भने, जनताले आफ्नै हितका लागि आफ्नै प्रयास तथा चाहनाअनुरूप स्थापना गरेको भनेकै प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र हो । नेपाली बृहत् शब्दकोशमा यही कुरोलाई परिभाषित गरिएको छ । शासन व्यवस्थामा जनताको अभिव्यक्ति भनेकै अहिले आफ्नो सहभागितामा आफ्नो गतिविधिमार्फत समग्र मुलुक र समाजको रूपान्तरण गर्नु हो । नियम, कानुन, प्रणाली र पद्धतिको विधि बनाएर मुलकको सञ्चालन गर्नु हो । त्यसैले सङ्घीय संसद्को निर्वाचनसँगसँगै प्रादेशिक र स्थानीय सरकारको समेत निर्वाचन .....

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिइरहेको कोरोना भाइरस कोभिड १९ हाल डोल्पामा पनि दिन २ गुणा रात चौगुणाको रफ्तारमा फैलिइ रहेको हुँदा कोरोना भाइरस कोभिड १९ बाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको वेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा वस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडवड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि वन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

एकता पहल अनिवार्य

- विकास गिरी

मुलुक यतिबेला अस्थिरता, अन्योल, अराजकता तथा राजनीतिक सङ्कटबाट गुज्रिन बाध्य छ । मुलतः नेपाल कम्युनिस्ट पार्टीका शीर्ष नेतृत्वको व्यक्तिगत र गुटगत शक्ति सङ्घर्ष र स्वार्थको चक्रमा मुलुक रुमलिएको छ । यही सिलसिलामा प्रतिनिधिसभा विघटन भएको छ, तीन वर्ष अघि दुई कम्युनिस्ट पार्टी मिलेर बनेको विशाल नेपाल कम्युनिस्ट पार्टी निर्माणको आकाङ्क्षा भने धराशयी हुँदै गएको छ । नेपाली कम्युनिस्ट आन्दोलनको सात दशक लामो ऐतिहासिक विकासक्रममा यसले प्राप्त गरेको सर्वाधिक उचाइ गर्ल्यामगुर्लुम हुने अवस्था सिर्जना भएको छ । राजनीतिक लक्ष्य एउटै भए पनि कार्यशैली, कार्यदिशा, सैद्धान्तिक बुझाइ, राजनीतिक कार्यक्रमका अतिरिक्त नेताहरूको व्यक्तिगत स्वार्थ र अहङ्कारले कम्युनिस्ट पार्टीले टुट र फुटको अनेक शृङ्खला गुजारेको छ । नेपाली जनसमर्थन र सम्मान र हँदारहँदै पनि कम्युनिस्ट पार्टीभित्रका अन्तरविरोधले गर्दा त्यो जनसमर्थन र अभिमत विभक्त हुँदा थोरै जनमत भएका अन्य राजनीतिक दलले बहुमत प्राप्त गर्ने र सत्ताको बागडोर सम्हाल्ने परिस्थितिमा देश फेरि पनि रुमलिन बाध्य हुँदै छ । यो अवस्था परिवर्तनकामी जनताका कारणले होइन, नेकपाका नेताहरूले वस्तुस्थितिको सामयिक र ऐतिहासिक मूल्याङ्कन गर्न नसक्दा उत्पन्न भएको अस्वाभाविक विषम परिस्थिति हो । नेपालको राजनीतिक, प्रजातान्त्रिक, लोकतान्त्रिक एवम् गणतान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीहरूले महत्वपूर्ण भूमिका खेल्दै पछिल्लो गणतान्त्रिक आन्दोलनमा नेतृत्वदायी र निर्णायक भूमिका निर्वाह गरे, जसका कारण करिब २४० वर्षे राजतन्त्र अन्त्य भयो र जनताका छोराछोरी राष्ट्रप्रमुख हुने गणतान्त्रिक व्यवस्था निर्माण भयो । तर, यो व्यवस्था कत्तिको जनताको तहमा पुग्यो प्रश्न उठ्न थालेको छ । यस व्यवस्थालाई अझ उन्नत, समृद्ध र सशक्त बनाउनका लागि बलियो कम्युनिस्ट पार्टीको आवश्यकता थियो, छ । तर, एकता भएको तीन वर्ष नपुग्दै नेकपा फुटको सङ्घारमा छ ।

मुलतः प्रतिनिधिसभा विघटनपछि देशका सम्पूर्ण बौद्धिक वर्गले दुईपक्षीय धारणा राखेको पाइन्छ । सामाजिक सञ्जालदेखि पत्रपत्रिका र रेडियो, टेलिभिजनमा जताततै कसैले ओली ठीक प्रचण्ड खराब र कसैले प्रचण्ड ठीक र ओली खराब भनेको पाइन्छ । ओलीमा पनि केही गुण होलान्, प्रचण्डमा पनि केही गुण होलान् तर यी दुवैलाई उभ्याउने त आमनेपाली मतदाता नै हुन् अर्थात् नेताको माटो जनता नै हुन् । त्यसैले उहाँहरूको जीवनमा उज्यालोपन ल्याउन दुवैले केही त्यागेर मिलनबिन्दुमा जान सक्नु नै वास्तवमा राजनीतिक गतिशीलता हो । कुनै ठाउँमा जोडले बग्ने जलप्रवाहले विद्युत् निकाल्छ, कुनै ठाउँमा त्यस्तै जलप्रवाहले हजारौँ हेक्टर जमिन स्वाहा पार्नुको साथै बस्ती सखाप पार्छ । आखिर दुवै ठाउँमा प्रयोग हुने भनेको हाइड्रो (पानी)को 'काइने टिक' शक्ति नै हो । नेकपा विभाजन उन्मुख भएपछि पनि हाम्रो बौद्धिक जगत्ले कुनै पनि ठाउँमा अझै यो दुवै पक्ष मिल्नुपर्छ भनेको पाइएको छैन । कम्तीमा आजको मितिमा दुईमध्ये एकजनाले अलिकति समय पदत्याग गर्ने र अलिकति अहम् त्याग गर्ने हो भने केवल चुनावको खर्चमात्र होइन, देशले अङ्गीकार गर्न चाहेको स्थिरता पनि बाँच्नेछ । चुनावकै कुरा गर्दा, यसअघि एकढिक्का भएर ओली प्लस प्रचण्डले पाएको भोट विभाजन हुँदा कुनै अर्को पार्टीले जित्नेछ । दुवै पक्षले आउँदो चुनावमा हुने घाटालाई आत्मसात् गर्नुभन्दा अहिले दुवैले नरमकरम मिलाएरै भाग शान्तमै भए पनि मिलजुल गर्ने हो भने देश, जनताका लागि उक्त कदम राम्रो हुन्थ्यो । अहिले नेकपा विभाजित हुनु भनेको देश अर्को शताब्दीसम्म अस्थिरताको भुमरीमा पर्नु हो । चुनाव गणतन्त्र तथा प्रजातन्त्रको गहना हो तर समयभन्दा अगाडि गरिने चुनाव आर्थिक विचलनको सुरुङमार्ग हुन् भन्ने कुरा दुवै नेताहरूले सम्झन र सम्झाउन आवश्यक छ । अहिले आ-आफ्नो क्षेत्रबाट प्रधानमन्त्री ओली तथा अर्का नेता प्रचण्डले आफ्नो काइनेटिक शक्ति देखाइरहनुभएको छ, जसले राष्ट्र विकासको विद्युत् उत्पादन गरिरहेको छैन । बरु डिलहरू काटेर बस्ती र खेतीमा बाढी प्रवेश भइरहेको छ र दिनानुदिन अर्थहीन बर्बादीमात्र निम्त्याएको छ । दुवै शीर्षनेताले यो बाढीरूपी काइनेटिक शक्तिलाई रोकेर देश विकासका लागि आवश्यक पर्ने सम्भावित अर्थात् पोटेन्सियल शक्तिमा रूपान्तरण गर्नुपर्छ । नेताहरू जुन उचाइमा हुनुहुन्छ, एक-अर्काप्रति हिलो छ्याप्नु उपयुक्त हुँदैन । वास्तवमा शीर्षनेताहरूको आ-आफ्नो निजी र राजनीतिक तथा आर्थिक स्वार्थले कृत्रिम विरोधाभास सिर्जना गरायो र त्यही अन्तरविरोधको व्यवस्थापन गर्न नसक्दा एक अर्कोमाथि अनेक टीका-टिप्पणी र लाञ्छना लगाउँदै गर्दा प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव दर्ता गर्ने र प्रधानमन्त्रीले सोही आवेगमा प्रतिनिधिसभा विघटन गर्ने तिक्ततापूर्ण अवस्था निर्माण भयो । गत निर्वाचनमा करिब दुईतिहाइ मतसहित नेकपा एकताको प्रस्ताव अनुमोदित भएको हो । यो एकता अमूक-अमूक नेताले मात्र गरेको हो भन्ने बुझाइ गलत हो । एकताको चाहना प्रत्यक्ष वा परोक्ष रूपमा आमजनताको राजनीतिक स्थिरता प्राप्त गर्ने चाहना र नेकपाका इमानदार कार्यकर्ताको लगावले पनि सम्भव भएको थियो । तसर्थ, पार्टी पूर्ण रूपले जनताप्रति प्रतिबद्ध र जवाफदेही बन्नुपर्नेमा पार्टी विभाजनको रेखा कोरिने दुर्भाग्यपूर्ण अवस्था निर्माण भएको छ । केही कानुनी र संवैधानिक प्रावधान र अन्तिम अवस्थामा जनतासामु जाँदा के बनेर जाने भन्ने विषयले मात्र दुवै पक्ष पार्टी विघटनको घोषणा गर्न हिच्किचाइरहेका छन् । तर, यो परिस्थिति कुनै सैद्धान्तिक र गम्भीर राजनीतिक मतभेद र विरोधाभासले उत्पन्न भएको होइन भन्ने सबैले बुझेका छन् । पार्टीका शीर्षनेताहरूको स्वार्थ, आपसी असमझदारी, अन्तरविरोध र अहम्ले मात्र यो अवस्था सिर्जना भएको हो । पार्टी र सरकार बीचको असमझदारीले यो अवस्था आएको छ । 'जोगी देख्दा भैँसी डराउने र भैँसी देख्दा जोगी डराउने' अवस्था पार्टी र सरकारबीचमा देखापऱ्यो र अहिले अझ झाँगिएर .....

काइके गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

काइके गाउँपालिकाको कार्यालय

तारागर, डोल्पा

शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

लोकतान्त्रिक मूल्य र मान्यता

- रमेश अर्याल

लोकतन्त्र एक आदर्श शासन प्रणाली हो । जनताकै इच्छाअनुसार जनताले निर्वाचित गरेका प्रतिनिधिबाट शासन गर्ने पद्धति लोकतन्त्र हो । तत्कालीन अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले जनताद्वारा जनताकै लागि जनताबाट गरिएको शासन व्यवस्थालाई प्रजातन्त्र वा लोकतन्त्र भनी परिभाषित गरेका थिए । लोकतन्त्रमा राज्यको निश्चित भू-भागभित्रबाट सार्वभौम जनताले आफ्नो हकमा आफैँ निर्णय गर्ने गर्छन् । नेपालमा लोकतन्त्रलाई विगतमा प्रजातन्त्र भन्ने गरेकोमा पछिल्लो राजनीतिक परिवर्तनपछि लोकतन्त्र भन्न थालिएको छ ।

लोकतान्त्रिक व्यवस्थामा हुनुपने आधारभूत सिद्धान्त, गुण, विशेषता लोकतान्त्रिक मूल्य-मान्यता हुन् । लोकतान्त्रिक मूल्य-मान्यताले लोकतन्त्रको जग बलियो बनाउन सहयोग गर्छ । यसले लोकतन्त्र कस्तो हुनुपर्छ वा यसको अभ्यासमा के-कस्ता आधारभूत चरित्र रहनुपर्छ भन्ने विषयलाई दर्शाउँछ । कुनै पनि मुलुकको संविधानमा लोकतान्त्रिक मूल्य-मान्यताको प्रत्याभूति गरिएको हुन्छ । यस्ता मूल्य-मान्यताले नै लोकतन्त्रका औपचारिक संरचनालाई सही गतितर्फ अग्रसर गराउन मद्दत गर्छन् । लोकतान्त्रिक मूल्य-मान्यतामा सार्वभौमसत्ता एवम् राजकीय सत्ता जनतामा निहित हुन्छ । कानुनको शासन, स्वतन्त्र एवम् सक्षम न्यायपालिका, जनउत्तरदायी सरकार, शक्ति पृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रण, जनसहभागिता, सामाजिक न्याय, विकेन्द्रीकरण, समानता, स्वतन्त्रता, विविधताजस्ता तत्व लोकतान्त्रिक मूल्य-मान्यतामा हुन्छन् । त्यस्तै, जनप्रतिनिधिमूलक व्यवस्थापिका, कानुनको अगाडि समानता, स्वस्थ प्रतिस्पर्धी राजनीतिक व्यवस्था, मौलिक हक तथा मानवअधिकारको प्रत्याभूति, बालिग मताधिकार, आवधिक निर्वाचन, सामाजिक सुरक्षा, सबै धानिक निकायको व्यवस्था, प्रेस स्वतन्त्रता, उत्तरदायी प्रतिपक्षको भूमिका, संविधान संशोधनको व्यवस्था, सुशासनको प्रत्याभूतिलगायतका विशेषता हुन्छन् । नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि जारी भएको नेपाल अधिराज्यको संविधान-२०४७ देखि नै लोकतान्त्रिक मूल्य-मान्यतालाई आत्मसात् गरेको पाइन्छ । वर्तमानसम्म आइपुग्दा यस्ता लोकतान्त्रिक मूल्य-मान्यतामा निकै विस्तार भएको छ । नेपालको इतिहासमा पहिलोपटक संविधानसभाले निर्माण गरेको नेपालको संविधान-२०७२ को धारा २ मा सार्वभौमसत्ता एवम् राजकीयसत्ता जनतामा निहित रहेको उल्लेख छ । संविधानले लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्रनिर्माण गर्न मार्गनिर्देश गरेको छ ।

संविधानले सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने परिकल्पना गरेको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधतावीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दैस वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधार मा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ । नेपालमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने संसदीय शासन प्रणाली अपनाइएको छ । नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ । शक्ति पृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रणलाई ध्यान दिई राज्यका अङ्गसम्बन्धी प्रावधान राखिएको छ । लोकतान्त्रिक एवम् जनताप्रति जवाफदेही सरकार छ । सरकारलाई अस्थिर बन्न नदिन प्रधानमन्त्रीविरुद्ध सुरुका दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने व्यवस्था संविधानमा उल्लेख छ । सङ्घमा बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् बन्ने व्यवस्था छ भने प्रादेशिक संसद्का कुल सांसदको २० प्रतिशत नबढ्नेगरी प्रदेश मन्त्रिपरिषद् बन्ने व्यवस्था छ । स्वतन्त्र एवम् सक्षम न्यायपालिकाको व्यवस्था छ । नेपालको न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिन्छ । न्यायपालिकाअन्तर्गत सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत छन् । सर्वोच्च अदालत अभिलेख अदालतका रूपमा रहको छ, जसलाई संविधान र कानुन व्याख्या गर्ने अन्तिम अधिकार छ । कानुनबमोजिम मुद्दा हेर्न स्थानीयस्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था संविधानमा भएबमोजिम विशिष्टीकृत अदालतको समेत स्थापना भएको छ ।

नेपालमा मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । समानुपातिक समावेशी सिद्धान्तबमोजिम सबै

Karnali Province Government
Ministry of Physical Infrastructure Development
Water Supply , Irrigation and Energy Development Office
Dunai Dolpa, Nepal

INVITATION FOR BIDS (IFB)

First Date of Publication:-2077/11/09 B.S.

1. Water supply Irrigation & Energy Development Office,Dunai Dolpa invites sealed Quotation bid from eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding. Some of the qualification criteria are mentioned below; though the details are in the biding document.

S.N.	Contract No:	Description of Works	Total Estimated Amount (Without VAT and Contingency)	Bid Security Amount (NRs.)	Bid Document Price (NRs.)
1.	WHEDO / YaraISP /Works/ SQ-01-077-78	Construction of Yara ISP HDPE Pipe line, Intake, RVT Maintenance Works	12,74,161.72	40,000.00	1,000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Water Supply, Irrigation and Energy Development Office, Dunai Dolpa A complete set of Bidding Document in English/Nepali may be purchased by interested bidders on the submission of a written application, along with the attested copy of company/firm registration certificate and upon payment of a non-refundable fee as stated above for each set on or before 2077/11/23 in Office Hours in Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
Name of the Bank: Nepal Bank Limited Revenue Account Number: 27502000001001000003
Name of Office: Water Supply Irrigation and Energy Development Office Karnali Province, Dolpa , Rajaswo Shirshak (revenue) Number: 14229 , Security Account Number: 08702000002003000001 Office Code Number: 3370301010

3. Sealed Quotation bid must be submitted to the Water Supply, Irrigation and Energy Development Office, Dunai Dolpa, by hand/courier indicating contract number, name of the contract, name of bidder's firms and it's address only on or before12 PM, 2077/11/23All bids must be accompanied by a Bid Security Amount not less than as stated above. Late bids will be rejected.

4. Bids will be opened physically immediately in the presence of Bidders' representatives, who choose to attend at 2:00 hrs on the last day of bid submission at Water Supply, Irrigation and Energy Development Office, Dunai Dolpa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for at least 30 days beyond the validity period of the bid after the date of bid opening.

5. Water Supply, Irrigation and Energy Development Office, Dunai Dolpa, reserves rights to amend and correct at any time in case of discrepancies or error in Bidding document, Tender notice or any other documents.

6. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

7. Other related rules and regulations are as per current Public Procurement Act 2063 and Regulations 2064 with latest amendment.

8. The address referred to above is as follows:
Employer: Water Supply, Irrigation and Energy Development Office, Dunai Dolpa
Phone Number: 087-550138